# लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बडाचौर, रोल्पा ५ नं. प्रदेश नेपाल

# शिलबन्दी दरभाउपत्र आह्वानको सूचना !

(प्रथम पटक प्रकाशित २०७५।१२।२०)

यस कार्यलयको चालु आ व ०७५/०७६ मा प्रदेश सरकारबाट विनियोजित बजेट तथा यस गाउँपालिकाको वित्तिय समानीकरण बजेट अर्न्तगत संचालन गर्न तपसिलमा उल्लेखित आयोजनाको निर्माण कार्य ठेक्का प्रक्रियाबाट गर्नुपर्ने भएकोले आयकरको स्थायी लेखा नं भएका मु.अ.क. मा दर्ता इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलवन्दी दरभाउपत्र आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक वोलपत्रदाताहरुले पछि फिर्ता नहुने गरी रु. १०००।- (अक्षेरुपी एक हजार रुपैयाँ) बुझाइ लिखित निवेदनको साथमा बोलपत्रदाताको अद्यावधिक इजाजतपत्र मु.अ.क. का दर्ता भएको प्रमाणपत्र स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाणपत्र र आ.व २०७४/७५ सम्मको कर चुक्ता प्रमाणपत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरु पेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिनभित्र (मिति २०७६/०१/०४ गतेसम्म) यस कार्यालयको राजश्व उप-शाखाबाट दरभाउपत्र फारम खरिद गरी १६ औं दिनको १२.०० बजेभित्र यस कार्यालयमा दर्ता गराउनुपर्ने छ र सोही दिनको २:०० बजे स्थानीय सरकारी कार्यालयका प्रतिनिधि दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यलयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा सोको लगत्तै कार्यलय खुल्ने दिन दरभाउपत्र दाखिला र खोल्ने कार्य गरिनेछ ।

२. यस कार्यलयको प्रमुखले सही गरेको र कार्यलयको छाप लागेको दरभाउपत्र खरिद गरी सोही फारममा आफ्नो दररेट लेखि दरभाउपत्रदाताले सही गरी शिलवन्दी दरभाउपत्र पेश गनु पर्नेछ । एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फारम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइनेछैन ।

३. शिलवन्दीको वाहिर खाममा यस कार्यलयलाई सम्वोधन हुने गरी कामको नाम र ठेक्का नं स्पष्ट उल्लेख गरी निर्माण व्यवसायीको नाम र छाप लगाई सीट संख्या स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

४. यस कार्यलयबाट विक्री नभएको, जमानत संग्लन भै नआएको, वाहिर खाममा र वोलपत्रको व्यहोरा फरक परेको, शिलवन्दी भइ नआएको, वाहिर खाममा र दरभाउपत्रको व्यहोरा फरक शिलवन्दी भइ आएको, कुनै शर्त राखि वा कैफियत जनाई प्राप्त भएको, म्याद नाघि आएको र रित नपुगेको शिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिनेछैन ।

५. धरौटीको बैंक भौचरमा निर्माण व्यवसायीको नाम ठेगाना लेख्नुपर्नेछ । सूचना प्रकाशित भएको मिति भन्दा अगाडिको बैंक भौचर वा बैंक ग्यारेन्टी वा ड्राफ्टलाई मान्यता दिइनेछैन ।

६. बोलपत्रको साथ यसै सूचनामा तोकिएको धरौटी बापतको रकम नेपाल बैंक लिमिटेड रोल्पा शाखामा यस कार्यलयको नाममा रहेको धरौटी खाता नं. ०७६०३०००००००३००००५ मा जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र दर्ता गर्ने अन्तिम दिनबाट गणना हुनेगरी कम्तिमा १२० दिन म्याद भएको मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकवाट जारी गरिएको विडवण्ड संलग्न गनुपर्नेछ ।

७. (संयुक्त उपक्रम-जे.वि.) मा काम गर्ने निर्माण व्यवसायीले संयुक्त लगानी सम्वन्धी सम्झौताको विवरणहरु खुलेको सक्कली कागजातहरु वा प्रमाणित प्रतिलिपिहरु पेश गर्नुपर्नेछ । संयुक्त उपक्रममा भाग लिने निर्माण व्यवसायी (२) जना भन्दा बढि नहुने संयुक्त उपक्रमको सक्कल सम्झौतापत्र अनिवार्य रुपमा दरभाउपत्रको साथ पेश गर्नुपर्नेछ ।

८. पेश भएको शिलवन्दी दरभाउपत्रको कवोल रकममा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ र दरभाउपत्रमा दररेट उल्लेख गर्दा मूल्य अभिबृद्धि कर बाहेकको रकम उल्लेख गर्नुपर्नेछ ।

९. पेश भएको शिलवन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाइ वा नजनाइ सूचना रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्वन्धमा राम्ररी बुझि दरभाउपत्र भरेको मानिनेछ ।

११. निर्माण कार्यहरु तोकिएको स्पेशिफिकेशन अनुसार गर्नुपर्नेछ ।

१२. स्वीकृत नभएका दरभाउपत्र दाताहरुको विडण्ड वा धरौटी रकम ठेक्का सम्झौता सम्पन्न भएपछि मात्र फुकुवा गरिनेछ ।

१३. यसमा उल्लेख भए बाहेकका अन्य कुराको हकमा दरभाउपत्र सम्वन्धी कागजातमा उल्लेख भए अनुसार हुनेछ । र अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

१४. अन्य थप केही कुराहरु बुझ्नु परेमा यस गाउँपालिका कार्यलयको फोन नं. ९८५७८२४१५०/ ९८४१२९७१६७ वा ईमेल ठेगाना lungrimun@gmail.com वा www.lungrimun.gov.np मा कार्यलय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

| सि. नं. | दरभाउपत्र नं. | दरभाउपत्रको विवरण | लागत स्टिमेट (मु.अ.कर बाहेक) | दरभाउपत्र वापत जमानत रकम रु | बोलपत्र दस्तुर रु. | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| १. | १-०७५।७६ | कृषि उपज संकलन केन्द्र भवन निर्माण | १५३११५५।- | ४००००।- | १०००।- | २०७६/०१।०५ |

**प्रमुख प्रशासकीय अधिकृत**